१. सम्बन्धित क्षेत्रमा कार्य गर्न इजाजत प्राप्त व्यक्ति, फर्म, संस्था वा कम्पनीको दर्ता वा नवीकरण भएको प्रमाणपत्रको छायाप्रति ।

२. PAN वा VAT मा दर्ता भएको प्रमाणपत्रको छायाप्रति (VAT मा दर्ता हुन नपर्नेको हकमा सोको आधिकारिक प्रमाणपत्र) ।

३. आ.व. २०७२/७३ को कर चुक्ता प्रमाणपत्रको छायाप्रति र सार्वजनिक खरिद कार्यका लागि अयोग्य नभएको स्वघोषणाको निवेदन ।

४. सेवा र परामर्शको लागि दरखास्त दिँदा परामर्शदाताले आफ्नो कार्यसंग सम्बन्धित कार्यका लागि निबेदन दिनुपर्नेछ । संस्थाको सम्बन्धमा संस्थाको नाम, ठेगाना संलग्न तालिका, भबन, सवारी साधन आदिको प्रोफाइल एबं अध्यक्ष र सदस्यहरुको बायोडाटा पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ ।

५. निबेदन पेश गर्दा जुन कामको लागि (क,ख,ग मध्ये) सुची दर्ता हुन आबेदन गरेको हो सो कामको लागि दर्ता हुदाँको उद्धेश्यसंग मिलान भएको हुनुपर्ने, सो काम गर्ने दक्ष कर्मचारीको नाम सहितको योग्यता तालिम उल्लेख गर्नु पर्नेछ ।

परामर्श सेवाको लागि बिगतमा सो कार्यसंग प्रत्यक्ष सम्बन्धित ३ बर्षको कार्यानुभब पेश गर्नु पर्ने जसमा संस्थाको नाम, ठेगाना, सम्पन्न गरेको कार्यको नाम, आयोजना संख्या, सम्पन्न गरेको कार्यको संख्या, भुक्तानी पाएको रकम (संझौता रकम भए), कार्य शुरु र अन्त्य गरेको मिति/अबधि, उल्लेख भएको तालिका र संस्थाहरुको सम्पर्क नम्बर उल्लेख गर्नुपर्नेछ । बित्तिय श्रोतका लागि निबेदनकर्त्ताले पछिल्लो दुई बर्षको आम्दानी विवरण र बासलात पेश गर्नुपर्नेछ ।

६. मालसामान उपलब्धकर्त्ताले जुन कामको लागि कम्पनी, व्यवसाय वा कर प्रयोजनको लागि दर्ता भएको हो सो अनुसारको कामको प्रकृतिसंग मिल्ने कार्यको लागि मात्र दरखास्त दिनुपर्नेछ । साथै त्यस्ता मालसामानहरुको लागि उपलब्ध हुने उपकरणको विवरण, बिक्रिपछिको सेवा उपलब्ध हुने नहुने र जगेडा पार्टपुर्जा उपलब्ध हुने नहुने पनि उल्लेख गर्नुपर्नेछ ।

७. उल्लेखित विवरणहरु स्पष्ट नखुलेको र कागजात प्राप्त नभएमा बोर्ड सचिबालयले मौजुदा सूचीमा दर्ता गर्न सक्नेछैन ।

८. निबेदनकर्त्ताले सम्पर्क गर्ने व्यक्ति/पदाधिकारीको टेलिफोन, मोबाईल फ्याक्स नम्बर, इमेल ठेगाना, र ठेगाना घर नम्बरसहित अनिबार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

९. सूचीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस सचिवालयमा निहित रहनेछ ।

१०. सूचीकृत भएको जानकारी यस सचिबालयको वेभसाइट सूचना पाटीमा राखिनेछ ।